म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज


SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २३७ २०८० साउन ७ गते आइतबार 23 July 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क ०५७-५९०९७७

QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# महालक्ष्मी साहित्य पुरस्कार प्रा.डा. भट्टराईलाई, पत्रकारिता पुरस्कार श्रेष्ठलाई



प्राडा गोविन्दराज भट्टराईलाई पुरस्कृत गरिँदै । पत्रकार सुरेश श्रेष्ठलाई पुरस्कृत गरिँदै ।

समाज संवाददाता

हेटौंडाः मातृभूमि साहित्य समाज मकवानपुरले शनिबार हेटौंडामा साहित्यकार प्रा.डा. गोविन्दराज भट्टराई र पत्रकार सुरेश श्रेष्ठलाई सम्मान गरेको छ । मातृभूमिले महालक्ष्मी साहित्य पुरस्कार २०७९ प्राध्यापक डा. गोविन्दराज भट्टराईलाई प्रदान गरेको छ ।

मातृभूमि साहित्य समाज मकवानपुरले एक कार्यक्रमका बीच प्रा.डा. भट्टराईलाई नगद ५१ हजार रुपैयाँसहित सम्मान गरेको हो । महालक्ष्मी विकास बैंकले पुरस्कार रकम प्रदान गर्दै आएको छ । २०५९ सालदेखि हेटौंडामा मुख्यालय रहेको यति फाइनान्सले मातृभूमि साहित्य पुरस्कार स्थापना गरेको हो । वित्तीय संस्था एकीकरण हुँदै जाँदा यति साहित्य पुरस्कार महालक्ष्मी साहित्य पुरस्कारमा रुपान्तरण भएको हो ।

यस्तै समृद्ध समाज दैनिक दैनिकका सम्पादक तथा रेडियो निकासका स्टेशन म्यानेजर सुरेश श्रेष्ठलाई केशवलाल स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको छ । आमसञ्चार तथा पत्रकारिता विषयका सहायक प्राध्यापक समेत रहनुभएका श्रेष्ठलाई नगद ७ हजार ५ सयसहित पुरस्कृत गरिएको हो । मातृभूमि साहित्य समाज मकवानपुरका अध्यक्ष माधव बहादुर पोखरेलको अध्यक्षता तथा चितवन साहित्य परिषद्का अध्यक्ष केदारनाथ खनालको प्रमुख आतिथ्य रहेको थियो ।

सम्मानपछि प्रा.डा. भट्टराईले साहित्यकारले मात्रै नभई सबैले लेख्नु पर्ने बताउनुभएको छ । सबैलाई लेख्न आग्रह गर्नुहुँदै प्राडा भट्टराईले बैंकले साहित्यिक पुरस्कार स्थापना गरेको पहिलो पटक सुनेको बताउनुभयो । अंग्रेजी विषयका प्राध्यापक समेत रहनुभएका भट्टराईका ६५ वटा कृति प्रकाशित छन् । १५ वटा कृति प्रकाशोन्मुख रहेको उहाँले जानकारी दिनुभयो । जीवनमा कम्तिमा एउटा कृति प्रकाशन गर्न आग्रह गर्नुभयो । विश्व सन्दर्भमा लेखनका विषयमा कार्यशालाको आयोजना गर्न सुझाव दिनुहुँदै २ वटा कविता संग्रह समेत प्रकाशन गर्नुभएका प्राडा भट्टराईले एउटा कविता पनि वाचन गर्नुभयो ।

यसअघि शुक्रबार मातृभूमिले विभिन्न क्षेत्रका ६ व्यक्तित्वलाई सम्मान तथा पुरस्कार प्रदान गरेको थियो । महालक्ष्मी विकास बैंकको बागमती प्रादेशिक शाखाका प्रमुख शम्भु पराजुली, हेटौंडा शाखा प्रबन्धक अनन्तराज धितालको पनि आतिथ्य रहेको थियो । कार्यक्रममा सहभागी साहित्यकारले रचना वाचन गरेका थिए । आश्वासन दाहालले नेपाली संगीत क्षेत्रको विकासक्रम बारे जानकारी दिनुभयो ।

# गाँजासहित हेटौंडाबाट २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१०, बसपार्कबाट लागूऔषध गाँजासहित २ जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा भारत रक्सौल बस्ने ४५ वर्षीया कृष्णादेवी बनिया र ६५ वर्षीय छटु राम रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । शुक्रबार दिउँसो १ बजको समयमा पैदल हिँडिरहेका बनिया र रामलाई शंका लागि सुरक्षा जाँच गर्दा उनीहरुको साथबाट लागूऔषध गाँजा फेला पारेको थियो । उनीहरुको साथबाट २ किलो लागूऔषध गाँजा फेला पारेको प्रहरीले जनाएको छ । लागूऔषध गाँजासहित दुबैजनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

# चौघडाका परियारको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६, चौघडामा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थानका ३० वर्षीय पूर्णबहादुर परियार रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । शुक्रबार परियार सडकमा लडिरहेको अवस्था फेला परेका थिए । लडिरहेको खबर प्राप्त हुनासाथ प्रहरी टोली खटिएर उपचारका लागि हेटौंडा अस्पताल ल्याइएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# बकैया-५ का ११ भूमिहीनले पाए लालपूर्जा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-५ का भूमिहीन ११ जना सुकुम्बासीलाई लालपूर्जा वितरण गरिएको छ । शनिबार एक कार्यक्रमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले लालपूर्जा वितरण गर्नुभएको हो ।

पालिकाले ६४ परिवारको सिफरिस गरेकोमा भूमि आयोगले ११ परिवारको मात्रै लालपूर्जा वितरण गरेको छ । भूमि आयोगले सुकुम्बासी भूमिहीनलाई १ कठ्ठा जग्गाको मात्र लालपूर्जा उपलब्ध गराएको गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले जानकारी दिनुभयो ।

भूमिहीन सिफारिस भएका ६४ परिवारमध्ये ११ परिवारको नेपालभर बाउबाजे कसैको नाममा जग्गा नभेटिएपछि आयोगले लालपूर्जा प्रदान गरेको हो । पालिकाको हरेक वडामा जग्गा नाप्ने काम भइरहेको छ । लालपूर्जा वितरण गरेसँगै पालिकाले अव्यवस्थित बसोबासी तथा भूमिहीन सुकुम्बासी समस्या समाधानका लागि नीतिगतरुपमा काम सुरु गरेको उहाँको भनाइ छ ।

स्थानीय तहले चासो राखे पनि संघीय सरकारले चासो नदिनाले पालिकाका जनता सुकुम्बासी हुनुपरेको उहाँले जानकारी दिनुभयो । लालपूर्जा वितरण कार्यक्रममा सामजिक विकासमन्त्री कुमारी मोक्तान, प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, लक्ष्मी श्रेष्ठ, भूमि आयोग मकवानपुरका अध्यक्ष बिष्णु दाहाल, नेपाली कांग्रेस मकवानपुर जिल्ला सभापति बुद्ध लामा, पालिकाका जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)




Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस हेटौंडा सिटी कलेजमा B.Sc.CSIT कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र श्री दिनेश खरेलले त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा 89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त) ल्याई नेपाल प्रथम हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, BSc. CSIT र BCA को ११ औं समूहको (2080 Batch) लागि प्रवेश परीक्षा तयारी कक्षा (Entrance Preparation Class) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

हेटौंडा सिटी कलेज/जेनिथ
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435






# सम्पादकीय

## विद्यालय बसको व्यवस्थापन

सामुदायिक विद्यालयहरुले पनि विद्यार्थीका लागि बस सेवालाई महत्व दिन थालेका छन् । विगतमा निजी विद्यालयले विद्यार्थीको सुविधाका लागि विद्यालय बस सेवा उपलब्ध गराउँदै आएकोमा पछिल्लो समय सामुदायिक विद्यालयहरुसमेत बसे सेवा सञ्चालनमा अग्रसर बनेका हुन् । निजी विद्यालयले टाढाका विद्यार्थीलाई आफ्नो विद्यालयमा आकर्षित गर्न बस सेवा सञ्चालन गर्ने गरेको भए पनि सामुदायिक विद्यालयहरुले भने टाढाबाट हिँडेर विद्यालय आउन बाध्य विद्यार्थीको सुविधाका लागि बस सेवा सञ्चालन गरेका छन् । घर नजिक विद्यालय नभएका कारण घण्टौं हिँडेर नजिकको विद्यालय जान बाध्य ग्रामीण भेगका विद्यार्थीका लागि सामुदायिक विद्यालयले सञ्चालनमा ल्याएको विद्यालय बसले धेरै राहत दिन थालेको छ । विद्यालय टाढा भएकै कारण सास्ती भोगिरहेका विद्यार्थीलाई विद्यालय बसले निकै सुविधा दिएको छ । यसले बीचमै पढाइ छाड्नुपर्ने समस्यालाई पनि कम गर्ने सम्भावना बढाएको छ । विशेषगरी ग्रामीण भेगमा रहेका सामुदायिक विद्यालयहरुमा टाढा-टाढाबाट विद्यार्थी पढ्न आउनुपर्ने बाध्यता रहने भएकाले बस सुविधाले विद्यार्थीको नियमितता र शिक्षण सिकाईमा समेत सकारात्मक प्रभाव पर्ने देखिएको छ ।

सामुदायिक विद्यालयहरुमा बस सेवा सञ्चालन गर्न बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले सहयोग गर्दै आएको छ । मन्त्रालयले पछिल्ला केही वर्षदेखि प्रदेशका विभिन्न जिल्लामा रहेका माध्यमिक विद्यालयहरुलाई निश्चित मापदण्डको आधारमा विद्यालय बस उपलब्ध गराउँदै आएको छ । विद्यालयको विद्यार्थी संख्या तथा सेवा क्षेत्रका आधारमा मन्त्रालयले बस उपलब्ध गराउने गरेको छ । मन्त्रालयले भन्सार सहुलियतमा विद्यालय बस खरिद गरी विद्यालयलाई उपलब्ध गराउँदै आएको छ । गत आर्थिक वर्षमा पनि सामाजिक विकास मन्त्रालयले मकवानपुरका ५ वटा विद्यालयलाई बस उपलब्ध गराएको छ । ४२ सिट क्षमताको प्रतिबस २५ लाख रुपैयाँको अनुदानमा विद्यालयलाई उपलब्ध गराएको हो । गत वर्ष मन्त्रालयले मकवानपुरगढी, बागमती र इन्द्रसरोवर गाउँपालिका, थाहा नगरपालिका र हेटौंडा उपमहानगरपालिकाका एक-एक विद्यालयलाई बस उपलब्ध गराएको हो । मकवानपुरगढीको चण्डिका मावि, बागमतीको जनता मावि, इन्द्रसरोवरको सरस्वती बालबोधिनी मावि, थाहाको बागेश्वरी मावि र हेटौंडाको महेन्द्र माविले प्रदेश सरकारको अनुदानमा एक-एक वटा विद्यालय बस प्राप्त गरेका छन् ।

विद्यालयले बस सेवा सञ्चालन गरेपछि दैनिक ६ घण्टासम्म पैदलयात्रा गरेर विद्यालय आउजाउ गर्नुपर्ने विद्यार्थीलाई सुविधा पुग्ने भएको छ । बस सुविधापछि टाढाबाट विद्यालय आउने विद्यार्थीले पैदलयात्रा गर्नुनपर्ने भएको छ । सकेसम्म विद्यार्थीलाई आर्थिक भार नपर्ने गरी बस सेवा सञ्चालन गर्ने विद्यालयहरुको योजना रहेको छ । ग्रामीण भेगका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई निःशुल्क बस सुविधा उपलब्ध गराउन विभिन्न संघसंस्था र स्थानीय तहको सहयोग पाउने विश्वास विद्यालयको छ । बस सेवा सञ्चालनका लागि वार्षिक दशौं लाख खर्च गर्नुपर्ने अवस्था रहेकाले बाह्य सहयोग नजुटाई विद्यालयहरुले बस सेवा सञ्चालन गर्न सक्ने अवस्था छैन ।

पछिल्लो समय सामुदायिक विद्यालयहरुमा बस सेवा थप हुँदै जानु खुशीको कुरा हो । यसले विद्यार्थीको विद्यालय आउने जाने समय बचत गर्नुका साथै विद्यार्थी तथा अभिभावकलाई निश्चिन्तता प्रदान गर्दछ । तर, विद्यालय बस थप हुँदै जाँदा यसको प्रभावकारी सञ्चालन खर्चसँगै यसबाट उत्पन्न हुने जोखिमलगायत अन्य पक्षहरुको उचित व्यवस्थापन आवश्यक पर्छ । अन्य विद्यालय नजिकका विद्यार्थीलाई आकर्षित गर्न बस सेवा सञ्चालन गर्नु हुँदैन । विद्यालयको पहुँचबाट टाढा रहेका विद्यार्थीलाई लक्षित गरी बस सेवा सञ्चालन हुनुपर्छ । यसका लागि विद्यालय बस सेवाको उचित व्यवस्थापनको दायित्व स्थानीय तहले लिँदा राम्रो हुन्छ । बस सुविधा दिइरहेका पालिकाभित्रका विद्यालयहरुको बसको रुट निर्धारण र खर्च व्यवस्थापनसँगै स्थानीय सरकारले आवश्यकताका आधारमा पालिकाभित्रका जुनसुकै विद्यालयका विद्यार्थीले प्रयोग गर्न पाउने गरी विद्यालय बस सञ्चालनको व्यवस्थापन गर्नु आवश्यक छ ।

# बीपी, संविधान र लोकतन्त्रको मजाक



✍ गुरूराज घिमिरे

बीपी कोइरालालाई सम्झने दिन अर्थात् ४१औं बीपी स्मृति दिवस । ६ साउन २०३९ मा यस धराबाट उहाँको भौतिक अवसान भएको थियो । यस दिनमा कम्तीमा आम कांग्रेसजनले बीपीलाई स्मरण गरेर उहाँले देखाएको बाटो हिंड्ने संकल्प गर्ने र छाडेर गएको विरासत सम्हाल्दै नेपाललाई समुन्नत र नेपाली जनतालाई सुखी बनाउन दिनरात काम गर्ने प्रतिज्ञा गर्नुपर्दछ ।

त्यस सँगसँगै आजसम्म भएका कमीकमजोरी हटाउने र दोहोरिन नदिने प्रण वा बाचा गर्नुपर्दछ । मुलतः बीपीको कांग्रेसले स्थापना यताका झण्डै आठ दशक विधिको शासन स्थापना गर्न र कायम राख्न ठूल्ठूला लडाइँ लड्यो । हरेक लडाइँमा सफलता प्राप्त गऱ्यो ।

जनताको स्वतन्त्रता र राजनीतिक अधिकार कहिले राणाले त कहिले राजाले खोसेका थिए । बीपी बाँचुन्जेल उहाँको सिधा टक्कर राणापछि राजैसँग भयो । २००३ सालमा राजनीतिक दल खोल्ने तयारी गर्दा बीपी जम्मा ३२ वर्षको लक्का जवान र ल ग्र्याजुयट हुनुहुन्थ्यो । त्यस उमेरमा उहाँले भारतीय स्वतन्त्रता संग्राममा सक्रिय सहभागिता जनाएर साढे तीन वर्ष जेल जीवन बिताइसक्नु भएको थियो ।

पिता कृष्णप्रसाद कोइरालाको राणाको जेलमै मृत्यु हुँदा उहाँ पनि भारतीय जेलमा हुनुहुन्थ्यो । जीवनको अन्तिम अवस्थामा बीपीले पितालाई भेट्न समेत पाउनुभएन । तथापि उहाँले भारतबाट अंग्रेज धपाएपछि मात्र नेपालबाट राणा शासन हटाउन सकिन्छ भन्ने निष्कर्षका साथ नेपाली राष्ट्रिय कांग्रेसको स्थापना गर्नुभएको थियो ।

त्यसयता उहाँले आफू बाँचुन्जेल राष्ट्रियता र लोकतन्त्रको पैरवी एवं पहरेदारी गर्नुभयो । नेपाल र नेपालीको शिर झुक्न दिनुभएन । नेपाली जनताको सर्वोपरि हित र नयाँ पुस्ताको सुखद भविष्यको लागि निरन्तर संघर्ष गर्नुभयो । आफ्नो सम्पूर्ण जीवन देश र जनताका लागि समर्पण गर्नुभयो । संभवत विश्वभर राजनीतिक संघर्षको दौरान जिन्दगीभर सर्वाधिक दुःख पाउने थोरै मात्र राजनेतामा बीपी पर्नुहुन्छ । चार वर्षको बालक हुँदा पछ्याएको दुःखले उहाँलाई जिन्दगीभर छाडेन । जेल, प्रवास, क्यान्सर जस्ता कहरले सधैंभरि मित्रता गाँसिरहे ।

जस्तोसुकै कठिन परिस्थितिमा पनि नेपालको राजनीतिले त उहाँको सानिध्यता पाई नै रह्यो, सँगसँगै नेपाली साहित्य जगतले उहाँबाट विभिन्न विधाका दर्जनौं कृति पायो । नेपालको साहित्याकाशमा उहाँ चम्किलो नक्षत्र हो । उहाँ राजनीतिमा क्रान्तिकारी तथा प्रजातान्त्रिक समाजवादी र साहित्यमा अराजकतावादी हुनुहुन्थ्यो ।

यी सबै कुरा हामीले अग्रजबाट सुनेका र पढेका विषय हुन् । हाम्रो पुस्ताले बीपी भेट्न पाएन । उहाँलाई भेट्न नपाए पनि नेपालको नयाँ पुस्ताको ठूलो हिस्सा उहाँलाई आदर्श मान्छ । बीपीका सहयात्रीहरु सुवर्ण शमशेर, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई समेतको उहाँ आदर्श हुनुहुन्थ्यो । कम्युनिस्ट पार्टीका नेताहरु मनमोहन अधिकारी, मदन भण्डारी, प्रचण्ड लगायत समेत उहाँलाई आफ्नो आदर्श बताएका छन् ।

अब अलिकति फरक तर सान्दर्भिक प्रसंगको चर्चा गरौं । यस बीचमा नेपालका सात प्रदेशमध्ये कोशी प्रदेश अर्थात् प्रदेश नं. १ (नाममा विवाद जारी रहेकोले) मा नेकपा एमाले नेतृत्वको सरकारले विश्वासको मत गुमाएपछि केही दिनअघि नेपाली कांग्रेसको नेतृत्वमा नयाँ सरकार गठनको घोषणा भयो ।

यही सरकार गठनको विषयलाई लिएर नेपाली राजनीतिमा विभिन्न टीका टिप्पणी सुरु भयो र यो जारी छ । मूलतः यसको संवैधानिकता र कार्यपालिकाको गठन प्रक्रियामा व्यवस्थापिका प्रमुखको संलग्नतालाई लिएर गम्भीर प्रश्नहरु उठे ।

अहिले यस विषयमा सर्वोच्च अदालतमा मुद्दा छ । सर्वोच्चले सरकारलाई महत्वपूर्ण कार्य नगर्न भनेको छ । साथै सरकार निर्माणका क्रममा अपनाइएको प्रक्रिया सम्बन्धी कागजात मगाएको छ । केही दिनभित्र अन्तिम फैसला आउने नै छ ।

शक्ति पृथकीकरणको सिद्धान्तलाई राजनीति विज्ञानको महत्वपूर्ण सिद्धान्त मानिन्छ । यस सिद्धान्तका अनुसार संवैधानिक प्रबन्धद्वारा राज्यका प्रमुख अंगहरुमा शक्तिको विन्यास गरिन्छ । फ्रान्सेली विचारक मन्टेस्क्युलाई यस सिद्धान्तका आधिकारिक व्याख्याता तथा मूल विचारक मानिन्छ । त्यस्तै मेडिसिन अर्का सिद्धान्तकार हुन् ।

मन्टेस्क्यु भन्छन्, 'लोकतान्त्रिक शासन प्रणाली अन्तर्गत राज्यका तीन अंगहरु स्वतन्त्र रहनुपर्छ, एकले अर्काको क्षेत्रमा हस्तक्षेप वा प्रवेश गर्नु हुँदैन । तीनवटै अंगको शक्ति एक व्यक्तिमा निहित भयो भने निरंकुशताको उदय हुन्छ ।'

शक्ति पृथकीकरणको सिद्धान्त अनुसार व्यवस्थापिकाले बनाएको कानुनलाई कार्यपालिकाले कार्यान्वयन गर्ने हो । कानुनको व्याख्या र पालना भए नभएको कुरा न्यायालयले हेर्ने हो । कानुनको पालना नगर्ने व्यक्ति वा संस्थालाई दण्डित गर्ने हो । यी तीनै अंगहरुले एक अर्काको क्षेत्राधिकारमा प्रवेश गर्नु हुँदैन ।

स्पष्ट रुपले भन्दा कार्यपालिकाको गठनमा व्यवस्थापिका स्रोत र माध्यम मात्र हो । व्यवस्थापिकाले कानुन बनाउँदा कार्यपालिका सहजकर्ता मात्र हो । तत्पश्चात् मात्र न्यायपालिकाको काम आउँछ । उसले प्रचलित संविधानको पालना भए नभएको छुट्याउँछ ।

यी तीनवटै अंगले स्वतन्त्रतापूर्वक कार्य गर्दछन् । एकअर्काको क्षेत्रमा प्रवेश गर्दैनन्। मेडिसिन भन्छन्,'तीन अंग स्वतन्त्र रुपमा चलेनन् वा भएनन् भने अत्याचारी शासनको उदय हुन्छ ।'

माथिको प्रसंग किन उद्धृत गरिएको हो भने भरखरै कोशी या १ नं. प्रदेशको सरकार परिवर्तनको प्रक्रियामा त्यहाँका सभामुखको संलग्नता उदेकलाग्दो र पूर्ण रुपमा असंवैधानिक देखिन्छ । उहाँले सभामुख रहेरै कार्यपालिका गठनको प्रक्रियामा आफूलाई सामेल गराउन कसरी सक्नु भो, थाहा छैन ।

एउटा निर्वाचन क्षेत्र विशेषबाट निर्वाचित भएको व्यक्ति भएपनि उहाँको वर्तमान भूमिका प्रदेश सभाको सभामुख हो । सभामुख भनेको व्यवस्थापिका प्रमुख हो । उहाँले प्रदेश कानुन बनाउने कार्यको नेतृत्व गर्ने हो । मन्टेस्क्यूका अनुसार कार्यपालिका गठनको प्रक्रियामा सामेल हुने वा हस्ताक्षर गर्ने होइन । यसले संविधानको मूल भावनामाथि ठूलो प्रहार गरेको छ । साथै लोकतान्त्रिक राज्य र संसदीय शासन प्रणालीको संवैधानिक व्यवस्थाको धज्जी उडाएको छ ।

प्रदेशसभाका सभामुखलाई कार्यपालिका गठनको प्रक्रियामा सरिक हुने रहर लागेको भए निर्विवाद बाटो थियो । उहाँले सभामुख पद छाड्न सक्नुहुन्थ्यो । व्यवस्थापिका प्रमुखको जिम्मेवारी त्यागेर प्रदेशसभा सदस्यको पदमा कायम रहेपछि कार्यपालिका गठनको प्रक्रियामा सामेल हुन मार्गप्रशस्त हुन्थ्यो । तर यसो भएन र नै अहिले सरकार गठनको विषय विवादित भएर अदालत पुगेको छ ।

अब हामीले फैसला पर्खनुको विकल्प छैन । दुःखको कुरा के भने नेपालको इतिहासमा एउटा घटना अंकित भयो कि जिन्दगीभर विधिको शासनका निम्ति संघर्ष गरेको दल नेपाली कांग्रेस विधि तोडेर सरकार बनाउन कसरी सहमत भयो ? कांग्रेसका निम्ति सरकार भन्दा विधि ठूलो कुरा थियो । र, लोकतान्त्रिक शासन प्रणालीको मर्म पनि विधि नै हो । बीपी विचारको केन्द्रीय तत्व पनि यही नै हो ।

बीपीको राजनीतिक ध्येय, संकल्प र लक्ष्य स्पष्ट थियो । उहाँसँग जीवनको कार्यसूचि थियो । उहाँलाई आफ्नो जन्मको तात्पर्य थाहा थियो । आम मान्छे जीवनको तात्पर्य थाहै नपाएर जिन्दगी बिताउँछ । एकप्रकारले उहाँको जीवन असामान्य थियो । त्यसैले हामी उहाँलाई महामानव समेत भन्छौं । यो अतिरञ्जित होइन ।

एउटा व्यक्तिले आफ्नो छोटो जीवनमा यति धेरै काम गर्न संभव नै छैन जुन बीपीले गरेर देखाउनु भयो । जम्मा ६८ वर्ष बाँचेर भारतीय स्वतन्त्रता संग्राम, जेल (नेपाल र भारत), लेखन, वकालत, सरकार, प्रवास, त्यो पनि क्यान्सरग्रस्त भएर, अकल्पनीय यथार्थ हो ।

अझ सरकारमा गएर छोटो समयमा देश विकासको विस्तृत गुरुयोजना तयार गर्नु चानचुने कुरा थिएन । यो औसत मान्छेको बुता बाहिरको कार्य हो । त्यस्ता असाधारण नेताको राजनीतिक दल नेपाली कांग्रेस यतिबेला कहाँ छ ? र के गर्दैछ ? हाम्रा सामु अनगिन्ती प्रश्न छन्, जसको समुचित उत्तर कसले दिने ?

हामीलाई त आफ्नो दुनो सोझिंदा पुग्ने भयो, जनता र देश कहाँ पुग्ला ? आज बीपी स्मृति दिवस मनाउँदै गर्दा फगत सनातनी हुने कि केही संकल्प गर्ने ? समय बलशाली हुन्छ । यसले हाम्रो चिनारी छोडेर जान्छ । इतिहासको कठघरामा उभ्याउँछ । या त हामीले चित्तबुझ्दो उत्तर खोजी गरौं वा इतिहासको गर्तमा बिलाउन तयार हौं ।

जननायक बीपीप्रति भावपूर्ण श्रद्धाञ्जली ! (स्रोतः अनलाईनखबर)

# कहाँ हरायो नयाँ हिमाल थपिने कुरा ?

✍ निनाम लोवाती

नेपाल सरकारले केही नयाँ हिमाललाई पर्वतारोहीका लागि आरोहण गर्न खुला गर्ने तयारी गर्दै छ भनी पूर्व संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले आफू मन्त्रीबाट हट्नुभन्दा केही दिनअघि बताउनुभएको थियो । सो कुरो उहाँले त्यो बेला भएको नेपाल पर्वतारोहण संघ (एनएमए) को ३२ औं साधारणसभालाई सम्बोधन गर्ने क्रममा बताउनुभएको थियो । उहाँले नेपालमा हालसम्म नचढिएका नयाँ हिमाल स्वदेशी तथा विदेशी पर्वतारोहीका लागि खुलाइनेछ भनी सार्वजनिक रूपमा भन्नुभएको थियो । तर, नयाँ संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सूदन किराती तालुकवाला मन्त्री भएको लगभग सात महिना पुग्नै लाग्दा पनि नेपालमा हालसम्म नचढिएका केही नयाँ हिमाल स्वदेशी तथा विदेशी पर्वतारोहीका लागि आरोहण गर्न खुला गर्ने कुरोबारे के हुँदै छ ? भन्ने सम्बन्धमा थप कुरो बाहिर आएको छैन ।

जे भए तापनि अब खुलाइने केही नयाँ हिमाल ५ हजार ८ सय मिटरदेखि ८ हजार मिटरसम्मका रहनेछन् भन्ने जानकारी सो बेला गराइएको थियो । त्यसो त नेपालका हिमाल खुला गर्ने सम्बन्धमा भन्नुपर्दा धेरै अघिदेखि ८ हजार मिटर भन्दा माथिका अरू पाँचवटा हिमाल खुला गर्ने र सार्वजनिक रूपमा ८ हजार मिटर माथिका हिमाल भनी घोषणा गर्ने र त्यसलाई विश्व पर्वतारोहण संघले पनि मान्यता दिने भन्ने कुरो चल्दै आएको छ । यसरी हेर्दा विगत ६/७ वर्षदेखि नेपालमा रहेका तर हालसम्म सार्वजनिक रुपमा घोषणा नगरिएका एवम् विश्व पर्वतारोहण संघले पनि मान्यता नदिएका ८ हजार मिटरभन्दा माथिका अरू पाँचवटा हिमाल थपिएमा नेपालमा मात्रै ८ हजार मिटरभन्दा माथिको हिमाल १३ वटा हुनेछन् । यसरी विश्व पर्वतारोहण क्षेत्रमा अब १९ वटा ८ हजार मिटरभन्दा माथिका हिमाल हुनेछन् । थपिने ती हिमालले कहिलेसम्ममा औपचारिक रूपमा मान्यता पाउलान् ? केही टुंगो छैन । जे भए पनि अब थपिने ती ८ हजार मिटरभन्दा माथिका नयाँ पाँचवटै हिमाल नेपाल सरहदभित्र रहेका छन् ।

त्यसो त हाम्रो देशमा हिमरेखा (५ हजार ५ सय मिटर) भन्दा माथिका हिमाल १७ सयभन्दा बढी छन्, तापनि हालसम्म सरकारले स्वदेशी तथा विदेशी पर्वतारोहीहरूका लागि ४ सय १४ वटा हिमाललाई मात्रै आरोहणका लागि खुला गरेको छ । अथवा भनौं, ती हिमाललाई कानुनी रूपमा मान्यता दिएर कुनै पनि देशका पर्वतारोहीबाट निश्चित रकमबर ाबरको सलामी दस्तुर (रोयल्टी) लिएर आरोहण गर्ने अनुमतिपत्र जारी गर्ने गर ेको छ ।

नेपाल सरकारले हालसम्म ४ सय १४ वटा हिमाल स्वदेशी तथा विदेशी पर्वतारोहीका लागि खुला गरेको भए पनि विश्वकै अग्लो हिमचुचुरो सगरमाथा, तेस्रो अग्लो कञ्चनजंघा, चौथो अग्लो ल्होत्से, पाँचौं अग्लो मकालु, छैटौं अग्लो चो-ओयु, सातौं अग्लो धौलागिरि, आठौं अग्लो मनास्लु, १० औं अग्लो अन्नपूर्ण प्रथमजस्ता अग्ला हिमालमा पर्वतारोहीहरूको बढी आकर्षण रहेको देखिन्छ । त्यस्तै ७ हजार मिटर र त्योभन्दा कम उचाइ भए पनि आमा डाब्लाम, नुप्चे, पुमोरी, बरुणत्से, कुम्भकर्ण (फक्ताङ लुङ), किरात चुली, हिमलुङ, नीलगिरि, हिउँचुली, गौ-गुरी, भृकुटी, सीता चुचुरा, अरनिको चुली, धाम्पुस (थापा) पिक, नीलगिरि, लाङटाङ लिरुङ, अन्नपूर्ण दोस्रो, अन्नपूर्ण तेस्रो, मेरा पिक, अन्नपूर्ण चौथो, हिउँचुली, डोम ब्लँ, काङ्बाचेनलगायत हिमाल चढ्न धेरैजसो विदेशी पर्वतारोही नेपाल आउने गरेका छन् । त्यसबाहेक नेपालमा रहेका ३३ वटा ससाना हिमाल 'ट्रेकिङ पिक' भनी सरकारले अलग्गै खुला गरेको छ ।

हुन त हिमाल किन चढिन्छ ? वा विदेशीहरू किन करोडौं खर्च गरेर हिमाल चढ्न आउँछन् ? किन लाखौं खर्च गरेर हिमालयमा क्षेत्रमा घुम्न आउँछन् ? भन्ने सम्बन्धमा डा. हर्क गुरुङले लेखेका छन्– पशुले आहारा खोजेझैँ मानवले रहस्य खोतल्छ । उसको सभ्यता अनुसन्धानमाथि निर्भर गर्छ । बौद्धिक उत्सुकताले धर्म तथा विज्ञान उम्रिन्छ र शारीरिक जाँगर माथि उभिन्छ मिश्रको पिरामिड तथा चीनको पर्खाल । केटाकेटीमा चीलको उडाइसित ईर्ष्या लाग्छ भने पछि त्यही इच्छा जीवनको प्रतिस्पर्धामा परिणत हुन्छ । पर्वतारोहण मानिसको माथि उठ्ने अभिलाषाको सांस्कृतिक रूप हो ।

पर्वत संसारको सबभन्दा गोप्य अङ्ग हो । त्यहाँ बादलले लुकामारी खेल्छ, धर्ती र आकाशको मिलन हुन्छ । पर्वतहरू मानवीय अनुभवबाहिर हुनाले कहीँ देव र कहीँ दानवका रूप लिन्छन् । हिमाल पवित्रताको र भिसुभियसको ज्वालापर्वत प्रलयको रुप मानिन्छन् । युधिष्ठिर हिमालबाट सोझै स्वर्ग उक्लेको महाभारतको भनाइ छ । किराँत महादेव आएर खेलेको हाम्रै हिमालमा हो । पर्वतको विशालतामा मानिसले आफूलाई एउटा क्षुद्र जीव पाउँछ र ' ।

हुन पनि हालसम्मको अवस्था हेर्दा नेपालमा रहेका विभिन्न हिमाल आरोहण गर्न नेपाली पर्वतारोहीभन्दा हजारौं गुणा

...बाँकी पृष्ठ ३ मा

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | भेटघाटमा रमाइलो बढ्ने समय छ । |
| वृष | शुभचिन्तकहरुले सहयोग पुऱ्याउने समय । |
| मिथुन | थोरै परिश्रमले बढी आय हुने योग छ । |
| कर्कट | पैतृक सम्पत्तिका विषयमा चर्चा बढ्ला । |
| सिंह | सम्मान र प्रतिष्ठामा वृद्धि हुने समय छ । |
| कन्या | व्यापार–व्यवसायमा लगानी बढ्ने समय छ । |
| तुला | परिवार र आफन्तसँग मनमुटाव भनाभनी चल्ला । |
| वृश्चिक | मान–सम्मानमा वृद्धि भएर जाने योग छ । |
| धनु | न्यायिक काममा विजय हाँसिल होला । |
| मकर | बौद्धिक कार्यमा सरिक भइने समय योग छ । |
| कुम्भ | राजनीतिक काममा आलोचित बनिएला । |
| मीन | नोकरीमा मान– सम्मान प्राप्त योग रहला । |

# विभिन्न घटनामा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकै दिन ४ जनाको मृत्यु भएको छ । बागमती प्रदेशको चितवन, धादिङ, सिन्धुपाल्चोक र काभ्रे जिल्लामा विभिन्न घटनामा एकै दिन ४ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाकारी दिएको छ ।

चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका–६ स्थित जलवीरे झरनामा पौडी खेल्ने क्रममा डुबेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा धादिङ जिल्ला ज्वालामुखी गाउँपालिका–५ घर भई हाल भरतपुर महानगरपालिका–१० मा डेरा गरी बस्ने १५ वर्षीय अमन गुरुङ रहेको प्रहरीले जानकारी दिएको छ ।

शुक्रबार दिउँसो २ बजेर ३५ मिनेटको समयमा जलवीरे लामो झरनामा पौडी खेल्ने क्रममा डुबेर गुरुङको मृत्यु भएको थियो । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका–३, रातमाटेमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा पर्सा बीरगञ्ज घर भएका २५ वर्षीय कृष्ण श्रीवास्तव रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शुक्रबार दिउँसो ३ बजेको समयमा काठमाडौंबाट चितवन जाँदै गरेको प्र.१–०२–००१ ख ८०२९ नम्बरको ट्रकले बिपरीत दिशाबाट आउँदै गरेको बा.प्र. ०२–०३७ प ७७३१ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा श्रीवास्तव र पछाडि सवार लमजुङ जिल्ला राईनस नगरपालिका–६ बस्ने २० वर्षीया अस्मिता पाठक घाइते भएका थिए । घाइते दुबैलाई उपचारका लागि टिचिङ शाखा अस्पताल मलेखु लगिएको थियो । उपचारको क्रममा श्रीवास्तवको ३ बजेर २५ मिनेटमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका–९, जुरेस्थित सुनकोशी नदीमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ६१ वर्षीय भीमबहादुर तामाङ रहेको प्रहरीले जनाएको छ । तामाङ बुधबार देखि घरबाट हिँडेकोमा घर नआएपछि आफन्तले खोजतलास गर्दा शुक्रबार सुनकोशी नदीमा मृत फेला परेको प्रहरीले जनाएको छ

यस्तै, काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका–३, मोठस्थित लीलावती खोलामा डुबेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ४६ वर्षीय अकुर भुजेल रहेको प्रहरीले जनाएको छ ।

भुजेल बिहीबार साँझ ६ बजे घरबाट हराएका थिए । भुजेललाई आफन्तले खोजतलास गर्दा शुक्रबार बिहान १० बजेको समयमा घरदेखि पर रहेको लीलावती खोलामा मृत फेला परेको प्रहरीले जनाएको छ । भुजेलको मानसिक सन्तुलन ठिक नभएको प्रहरीले जनाएको छ ।

# मनहरी बहुमुखी क्याम्पसमा वृक्षरोपण

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका–८ स्थित मनहरी बहुमुखी क्याम्पस परिसरमा वृक्षरोपण गरिएको छ । क्याम्पस परिसरमा आइतबार बिहान ५५ वटा बिरुवा रोपिएको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) मनहरी क्याम्पस समितिका अध्यक्ष कुमार घिसिङले जानकारी दिनुभएको छ ।

कपुर, तेजपत्ता, निमलगायतका बिरुवा रोपिएको हो । क्याम्पस सञ्चालक समिति अध्यक्ष ओम बहादुर ग्लान, प्राध्यापक, विद्यार्थीको समूहले वृक्षरोपण गरेका हुन् । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मनहरी बहुमुखी क्याम्पसमा वाणिज्य र मानविकी संकायमा १ सय २ जना विद्यार्थी अध्ययनरत छन् ।

# तस्करी तथा भ्रष्टाचारबिरुद्ध मशाल जुलुस

समाज संवाददाता

हेटौंडाः सुन तस्करी तथा भ्रष्टाचार बिरुद्ध हेटौंडामा मशाल जुलुस भएको छ । शनिबार साँझ हेटौंडा–४, स्कूलरोडमा मोहन बैद्य निकट क्रान्तिकारी कम्युनिस्ट पार्टीले सुन तस्करी तथा भ्रष्टाचारबिरुद्ध मशाल जुलुस गरेको हो ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल मकवानपुर जिल्ला इन्चार्ज गगन खड्गीको नेतृत्वमा जुलुस गरिएको छ । जुलुसमा पार्टी केन्द्रीय सदस्य शक्ति रुचाल, पार्टीका नेता तथा कार्यकताहरुको सहभागिता थियो । स्कूल रोडबाट सुरु भएको मशाल जुलुस सीमा चोकमा आई नाराबाजी गर्दै समापन भएको थियो । जुलुसमा सुन तस्करलाई कारबाही गर, गृहमन्त्री राजीनामा दे, प्रहरी दमन मुर्दावाद, भ्रष्टाचारीलाई कारबाही गर, क्रान्तिकारी कम्युनिट पार्टी नेपाल जिन्दावाद भन्दै नारा लगाएको थियो ।


श्री जनजागृती माध्यामिक विद्यालय

बकैया–८, वीरेफाँट मकवानपुर

शिक्षक आवश्यकता

*सूचना प्रकाशित मितिः २०८०/०४/०७ गते*

प्रस्तुत विषयमा बकैया गाउँ कार्यपालिकाको कार्यालयको पत्र संख्या २०७९/८० र चलानी नम्बर ३८६९ को मिति २०८०/०४/०४ गतेको पदपूर्ति अनुमति तथा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८०/०४/०४ गते बसेको बैठकको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह विज्ञान विषयको संघीय अनुदान कोटामा खुल्ला प्रतिस्पर्धाद्धारा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्रमा रीतपूर्वक दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**विज्ञापन नं. : ०१/२०८०/८१**

तहः माध्यमिक (संघीय अनुदान) ।
विषयः विज्ञान ।
संख्याः १ (एक) ।
शैक्षिक योग्यताः सम्बन्धित विषयमा स्नातक तह उतीर्ण गरेको ।
तलब सुविधाः नेपाल सरकारको नियमानुसार ।
दरखास्त दस्तुरः रु.२,५००/- (दुई हजार पाँच सय मात्र) ।
उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
परीक्षाको किसिमः लिखित, मौखिक र आवश्यकता अनुसार कक्षावलोकन ।
दरखास्त दिने अन्तिम मितिः २०८०/०४/२२ गते ।
सम्पर्क मितिः २०८०/०४/२३ गते कार्यालय समयभित्र ।

**आवश्यक कागजातहरू**

१. हस्त लिखित निवेदन–१ प्रति ।
२. शैक्षिक योग्यताको प्रमाण पत्र -२/२ प्रति ।
३. अध्यापन अनुमति पत्रको प्रतिखिपि -२/२ प्रति ।
४. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि -२/२ ।

**नि. प्राधानाध्यापक**
**पेम्बादोर्जे बोम्जन**
**सम्पर्क नम्बरः ९८६५५०३०५० (प्र.अ), ९८४५५४०९४८ (स.प्र.अ.)**
**९७४१६८१७७२ (अध्यक्ष)**


## प्रथम समाज कल्याण कप फुटबल

# ठूलोथली र फरेष्ट्री क्वाटरफाइनलमा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी प्रथम समाज कल्याण कप फुटबल प्रतियोगितामा ठूलोथली युथ क्लब र फरेष्ट्री युथ क्लब क्वाटरफाइनलमा प्रवेश गरेको छ । हेटौंडा–१४, मयूरधापस्थित कालापानी मैदानका भएको पहिलो खेलमा ठूलोथली युथ क्लबले नवमिलन युथ क्लबलाई ट्राइब्रेकरमा ४–२ गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको हो ।

फरेष्ट्री युथ क्लबले माने युथ क्लबलाई ट्राइब्रेकरमै ५–३ गोल अन्तरले पराजित गर्दै क्वाटरफइनलमा प्रवेश गरेको छ । पहिलो खेल निर्धारित समयमा २–२ गोलको बराबरीमा र दोस्रो खेल १–१ गोलको बराबरीमा रोकिएपछि ट्राइब्रेकरमा धकेलिएको थियो ।

ठूलोथलीको तर्फबाट विशाल लामाले र रवीन लामाले गोल गरेका थिए भने नवमिलनको तर्फबाट निराजन देउला र रोशन कार्कीले गोल गरेका थिए । फरेष्ट्री युथ क्लबको तर्फबांट ललित चौलागाईं र माने युथको तर्फबाट रोशन मोक्तानले गोल गरेका थिए । ठूलोथलीबाट रवीन र माने युथबाट रोशन म्यान अफ द म्याच घोषित भए ।

# पोषणका लागि युवा कार्यक्रमको समीक्षा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी र राक्सिराङ गाउँपालिकामा सञ्चालित पोषणका लागि युवा कार्यक्रमको समीक्षा गरिएको छ । एक वर्षको अवधिमा विद्यालय र समुदायमा आधारित भएर सोचाइ नामक संस्थाले सञ्चालन गरेको परियोजनाको समीक्षा गरिएको हो । सुरक्षित महिनावारी र पोषणमालाको विषयमा सोचाइले स्थानीय किशोर–किशोरीलाई प्रशिक्षित गराएर समुदायमा सचेतनाको अभियान सञ्चालन गरेका थिए ।

उनीहरुले मनहरीको ३, ४ र ६ नम्बर वडालाई लक्षित गरी सचेतना कार्यक्रम सञ्चालन गरेको थियो । समीक्षा कार्यक्रममा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामी मगर, राक्सिराङ गाउँपालिकाका उपाध्यक्ष वनस्थम थिङ, प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गड्तौला, वडा अध्यक्षहरुको उपस्थिति रहेको थियो । मनहरी र राक्सिराङमा परिचालित किशोरकिशोरीको पनि सहभागिता रहेको कार्यक्रममा परियोजनाका बारेमा सोचाइकी संस्थापक नेहा मल्लले जानकारी दिनुभएको थियो । सुरक्षित महिनावारी र पोषणमालाको विधिमार्फत सचेतना अभिवृद्धिका लागि किशोरकिशोरीलाई तालिम दिएर समुदाय र विद्यालयमा परिचालित गरिएको मल्लले बताउनुभएको छ । एक वर्षको अवधिमा गरिएका क्रियाकलापको प्रभावकारिता मूल्यांकन गरेर पालिकाले कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरिएको छ ।

## *कहाँ हरायो नयाँ...*

बढी विदेशी पर्वतारोहीहरू आउने गरेका छन् । अझ नेपालीहरू पेसेवर रूपमा पर्वतारोही हुन धेरै समय लाग्ने देखिन्छ । त्यसो त विदेशी पर्वतारोहीहरूले नेपालमा रहेका विभिन्न हिमाल चढ्न आउने क्रममा बर्सेनि लाखौं अमेरिकी डलर नेपालका हिमाल चढेबापत नेपाल सरकारलाई सलामी दस्तुर अर्थात् रोयल्टी पनि तिर्ने गरेका छन् । खासगरी विश्वकै अग्लो चोमोलुङमा अर्थात् सगरमाथा/ एभरेस्ट लगायत विश्वका ८ हजार मिटरभन्दा माथिका १४ वटा हिमालमध्ये १० वटा हिमाल नेपालमै हुनु पनि हामी नेपालीहरूका लागि अहोभाग्य मात्रै नभएर प्रकृतिले सित्तैंमा दिएको अमूल्य उपहार पनि हो ।

गुरुङका अनुसार सन् १९५९/६० ताका बेलायतबाट पर्वतारोहण गर्न नेपाल आउने पर्वतारोहीहरूलाई एक जना बराबर ६ हजार नेपाली रुपैयाँ मात्रै लाग्थ्यो । अहिलेको जमानामा त एक पर्वतारोहीले सगरमाथा चढ्नका लागि मात्रै नेपाल सरकारलाई प्रतिव्यक्ति ११ हजार अमेरिकी डलर रोयल्टी तिर्छन् । अन्य खर्च त कति हो कति ! हुन पनि हिमाल आरोहणको कुरो गर्दा यो वर्ष (गत अप्रिल–मे सिजनमा) मात्रै २ सय ४० जना विदेशी पर्वतारोही र नेपाली सरदार, गाइड र क्लाइम्बिङ शेर्पा गरेर ६ सय ५८ जना पर्वतारोहीले सगरमाथा आरोहण गरेका थिए । त्यस्तै सगरमाथा आरोहण गरेबापत मात्रै नेपाललगायत विभिन्न ५३ देशका पर्वतारोही टोलीले सलामी दस्तुरबापत ४० करोड ८७ लाख नेपाली रुपैयाँबराबरको विदेशी मुद्रा तिरेका थिए । *(स्रोतः कारोबारदैनिक)*

# आफ्नै खर्चमा पोषण सामग्री बाँड्दै वडाध्यक्ष

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर ८ का वडाध्यक्ष इन्द्रमणि तिमल्सिनाले वडाभित्रका सुत्केरी महिलाहरुलाई पोषण सामग्री वितरण गर्न सुरु गर्नुभएको छ । शनिबार वडाभित्रका दुई दिनदेखि सुत्केरी भएकी माइलीमाया लोप्चनलाई घरमै पुगेर वडाध्यक्ष तिमल्सिनाले करिब ५ हजार रुपैयाँ बराबरको पोषण सामग्री वितरण गर्नुभयो ।

वडाभित्रका सुत्केरी महिलाहरुको पोषणमा सुधार ल्याउने उद्देश्यले व्यक्तिगत खर्चबाट पोषण सामग्री उपलब्ध गराएको अध्यक्ष तिमल्सिनाले बताउनुभयो । साउन १ गतेबाट २०८१ असार मसान्तसम्मका लागि आफूले वडाभित्रका सुत्केरी महिलाहरुलाई पोषण सामग्री वितरण गर्ने उहाँले बताउनुभयो ।

उहाँले जनतालाई समस्या परेको बेला आफूले केही भएपनि राहत होस् भनेर आफ्नो तलबभत्ताबाट पोषण सामग्री वितरण गर्न सुरु गरेको बताउनुभयो । सुत्केरी भएका हरेक महिलाहरुलाई लोकल कुखुरा, तोरीको तेल, विभिन्न मसलाहरु र साबुन वितरण गरिने उहाँले बताउनुभयो ।

साउन १ गते अध्यक्ष तिमल्सिनाले जारी गर्नुभएको सूचनामा सुत्केरी भएको १५ दिनभित्र सम्बन्धित परिवारको सदस्यले वडामा उपस्थित भएर स्वास्थ्य संस्थामा सुत्केरी गराएको प्रमाणपत्र ल्याउन भनिएको थियो । यस्तै, बच्चाको जन्मदर्ता पनि गराउनुपर्ने जनाइएको छ ।

# माटोकोरीको प्रधानाध्यापकमा बोलखे नियुक्त

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका–७, माटोकोरीस्थित श्री माटोकोरी आधारभूत विद्यालयको प्रधाध्यापकमा शिवप्रसाद बोलखे नियुक्त हुनुभएको छ । उहाँले सोही विद्यालयमा कक्षा १ देखि ८ सम्म अध्ययन गर्नु भएको हो ।

बोलखेले २७ वर्षकै उमेरमा प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नु भएको हो । उहाँ २० वर्षको उमेरदेखि शिक्षण पेसामा लाग्नुभएको थियो । उहाँले निजी विद्यालयबाट शिक्षण पेसा सुरु गर्नुभई केही समय सोही विद्यालयमा राहत शिक्षकको रुपमा विज्ञान विषय अध्यापन गराउनु भएको थियो । २०७६ सालमा स्थायी शिक्षकमा नियुक्त भई धादिङमा अध्यापन गराउनु भएका बोलखे केही समयअघि सरुवा भएर उक्त विद्यालयमा आउनुभएको हो ।

आफैं पढेको विद्यालमा प्रधानाध्यापक हुन पाउँदा गर्व महसुस गरेको उहाँको भनाइ छ । माटोकोरी विद्यालयमा २ सय ५४ जना विद्यार्थी अध्ययनरत छन् भने १२ जना शिक्षक रहेका छन् ।

आगामी दिनमा विद्यालयका कमजोर सिकाइ उपलब्धी भएका विद्यार्थीको सिकाइ उपलब्धी बढाउन जोड दिने र विद्यालयमा कक्षा १० सम्म पढाइ हुने वातावरण बनाउन लागिपर्ने उहाँको भनाइ छ । आधारभूत विद्यालयमध्ये पालिकाकै नमुना विद्यालयको रुपमा विस्तार गरेर लैजाने योजना रहेको बोलखेले बताउनुभयो ।


श्री देवकी माध्यमिक विद्यालय/प्राविधिक शिक्षालय

बागमती गाउँपालिका -५, लिलादमार, ज्यामिरे, मकवानपुर

शिक्षक आवश्यकता

*सूचना प्रकाशित मितिः २०८०/०४/०७ गते*

प्रस्तुत विषयमा बागमती गाउँपालिका झुरझुरे मकवानपुर मिति २०८०/०४/०५ को छ.नं. ९८ को पाप्त विज्ञापन अनुमति पत्र अनुसार तथा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८०/०४/०५ को बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिलको शिक्षक पदमा पद पूर्ति गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मिति ले १५ दिनभित्र रितपूर्वक दरखास्त अव्हान गरिन्छ ।

**तपसिल**

**विज्ञापन नं. : ०१/०८०/०८१**

तहः माध्यमिक (गा.पा अनुदान) ।
विषयः नेपाली ।
संख्याः १ (एक) ।
शैक्षिक योग्यताः मूल विषय नेपालीमा स्नातक उतीर्ण गरेको ।
परीक्षा दस्तुरः रु.१,५००। (एक हजार पाँच सय मात्र)
उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
तलव सुविधाः गा.पा.बाट तोकिए बमोजिम ।
छनौटको किसिमः लिखित, अन्तर्वाता ।
दरखास्त अन्तिम मितिः २०८०/०४/२१ गते अपरान्ह ४: ०० बजे सम्म ।
सम्पर्क मितिः २०८०/०४/२२ गते ।

**आवश्यक कागजातहरू :**

१. नागरिकताको प्रतिलिपि ।
२. शैक्षिक योग्यता प्रमाणपत्रहरुका प्रतिलिपि ।
३. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ ।

**नोट**: दरखास्त सानिमा बैंकको खाता नं ०६२०१००१००००१०७ मा शुल्क जम्मा गरी स्क्यान बैंक भौचर ईमेल चत chandrathapa@2027@gmail.com मार्फत पनि दिन सकिने छ ।

**अन्य जानकारीको लागिः (प्र.अ.) ९८४५६८७९९९, (स.प्र.अ.) ९८४६८७२६१८ (वि.व्य.स.अ.) ९८४५५३९७३०**

स्वादिष्ट नेवारी खाजा




अब


होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# ऐँठनका लेखकसँग पाठक रुष्ट



*ऐँठनका लेखक विवेक ओझा ।*

समाज संवाददाता

हेटौँडाः साहित्यिक रचना काल्पनिक र यथार्थपरक दुबै हुन्छन् । या एउटै कृतिमा यथार्थलाई काल्पनिक शैलीमा पनि प्रस्तुत गरिन्छ । पाठकले काल्पनिक र यथार्थ दुवै रचना या मिश्रित रचनालाई रुचाउँछन् । तर, यथार्थलाई काल्पनिक बनाउँदै गर्दा तथ्यहरु सावित हुन नसक्दा लेखक आलोचित हुन्छन् । यस्तै भयो शनिबार हेटौँडामा । हेटौँडाको किताबघरमा ऐँठन उपन्यासका लेखक विवेक ओझाले पाठकको यस्तै आलोचना व्यहोन बाध्य हुनुभयो ।

माओवादी द्वन्द्वकालको कथामा आधारित ओझाको कृति ऐँठनप्रति पूर्व लडाकुसमेत रहनुभएका हेटौँडा-१८ का सुन्दर महतले रुष्टता प्रकट गर्नुभयो । लेखकले पाठकसँग साक्षात्कार गर्ने खबर प्राप्त भएपछि माओवादी लडाकु महतले ऐँठन पढ्ने जमर्को गरेको सुनाउनु भयो । ऐँठनको १७० पेज पढेपछि किताबै फालिदिएको महत बताउनुहुन्छ। "जनयुद्धको कुनै राम्रो पक्ष देखाइएको छैन । युद्धलाई इन्कार गर्नु पुस्तकको राम्रो पक्ष हो", महतले भन्नुभयो, "नेपालको १० वर्षे जनयुद्धले दिएका राम्रो कुरा समावेश गरिएको छैन । माओवादीले हत्या र नेपाली सेनाले बलात्कार मात्रै गर्छ भन्ने उल्लेख गरिएको छ ।"

"सेना र माओवादी दुवै पक्षले गरेका राम्रा कामको सन्दर्भ पनि उल्लेख गर्नुपर्थ्यो", महतले भन्नुभयो, "रक्सी पारेको भनी महिलाको हत्या गरिएको कुरा छ तर, १० वर्षे युद्धमा रक्सी पारेकै आधारमा कसैको हत्या भएको छैन । पात्रमा कहीँ आफुलाई पाउन सकिनँ । अन्तिमसम्म आइपुग्दा अपूर्ण लाग्यो ।" महतको प्रतिक्रियापछि लेखक विवेक ओझाले कृति अध्ययन गर्दै गर्दा पाठकले लेखकप्रति त्यस्तो कुनै किसिमको असन्तुष्टि राख्नु नपर्ने दावी गर्नुभयो । ५ वर्षको अवधिमा उपन्यास तयार भएको जानकारी गराउनुहुँदै लेखक ओझाले भन्नुभयो, "युद्धका कथा संकलन गर्दै गर्दा उपन्यास तयार पार्न पुगेँ । उपन्यासमा संगठनात्मक अपराध भएको यथार्थ चित्रण गरिएको छ ।" विश्वमा युद्धका लागि भएको लगानीलाई राम्रो काममा लगाउँदा विश्व सुन्दर बन्ने सन्देश दिन खोजिएको उहाँको भनाइ छ । स्थलगत अवलोकन गरेर, पत्रपत्रिकाका समाचारको अध्ययनबाट कथा तयार पारिएको र द्वन्द्वको समयमा पीडित वर्गका दुखलाई समेटिएको ओझाले स्पष्ट पार्नुभयो ।

पाठकीय टिप्पणी राख्नुहुँदै रजनी पौडेलले ऐँठनले युद्ध सकिएको सयौं वर्षसम्म पनि प्रभाव रहिरन्छ भन्ने बुझाएको बताउनुभयो । पात्रको उल्लेख्य उपस्थिति देखिए पनि कथाबाट उनीहरूको बहिर्गमन स्पष्ट नभएको उल्लेख गर्नुहुँदै पौडेलले भन्नुभयो, "माओवादी द्वन्द्वको समयमा राज्य र माओवादी दुबै पक्षबाट जनता पीडित भएको बुझाउन कृति सफल छ ।" सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले कृतिको विषयमा समीक्षा प्रस्तुत गर्नुभएको थियो ।

# राहत शिक्षकको प्रदेश अध्यक्षमा तिमल्सिना

समाज संवाददाता

हेटौँडाः नेपाल राहत शिक्षक समिति बागमती प्रदेश अध्यक्षमा जीवन तिमल्सिना चयन हुनुभएको छ । शनिबार भएको समितिको दोस्रो अधिवेशनबाट तिमल्सिनाको नेतृत्वमा २५ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरिएको हो ।

समितिको वरिष्ठ सहअध्यक्षमा निरव ढकाल, खुलातर्फको उपाध्यक्षमा शान्ता आले, महिलातर्फ उपाध्यक्ष राधा पोखरेल, महासचिवमा राजिन भट्टराई, उपमहासचिव खुल्लातर्फ राजेन्द्रकुमार श्रेष्ठ, महिलातर्फ छमकली बस्नेतलाई चयन गरिएको छ । कोषाध्यक्षमा लालबहादुर घिसिङ, सहकोषाध्यक्षमा रामबाबु पौडेल, सचिव खुल्लातर्फ देवबहादुर गुरुङ, सचिव महिलातर्फ सपना अधिकारी चयन हुनुभएको छ ।

नेपाल राहत शिक्षक समिति बागमती प्रदेशका अध्यक्ष बासु अधिकारीको सभाध्यक्ष तथा नेपाल राहत शिक्षक समितिका केन्द्रीय अध्यक्ष खेमराज अधिकारीको प्रमुख आतिथ्यमा अधिवेशन भएको हो । अध्यक्ष अधिकारीले शिक्षा ऐनबारे सामाजिक सञ्जालमा आएको टीकाटिप्पणी बतासे भएको आरोप लगाउनुभयो । केन्द्रीय समिति कमजोर नभएको बताउनुहुँदै उहाँले सरकारको कुनै आधिकारिकताबिना सामाजिक सञ्जालमा आएको शिक्षा ऐनको कुरा बतासे भएको बताउनुभयो ।

ऐन बन्नलाई मन्त्रिपरिषद् बैठकबाट पारित भई संसदमा टेबुल हुनुपर्ने भन्दै अध्यक्ष अधिकारीले विधेयकको रुपमा संसदमा पेस भएपछि उक्त विधेयकबारे चर्चा गर्नु उचित हुने बताउनुभयो । अहिलेको नेपाल शिक्षक महासंघ अवैधानिक र निरिह रहेको उहाँले दावी गर्नुभयो । कार्यकाल सकिएर पनि अधिवेशन गर्न नसकेको महासंघ कानुनीरुपमा वैधानिक नहुने उहाँको भनाइ छ । शिक्षक महासंघले आधिकारिक संस्था बनेर सबै प्रकारका शिक्षकको हित हुनेगरी शिक्षा ऐन ल्याउन पहल गर्नुपर्ने उहाँले बताउनुभयो । राहत शिक्षक समितिको केन्द्रीय महासचिव कुमार बजगाईले कतिदिन विचरा शिक्षक भन्दै हिंड्ने भन्नुहुँदै अब राहत शिक्षकको आन्दोलन आक्रमक हुने दावी गर्नुभयो । उपमहासचिव डम्बर राईले राहत शिक्षकहरुको मागलाई बेवास्ता गरिए कडा आन्दोलन गर्ने बताउनुभयो । राहत शिक्षकलाई पनि स्थायी शिक्षकसरह सेवा सुविधा नदिए कडारुपमा आन्दोलनमा उत्रिने उहाँको भनाइ छ ।

# २०४ औं गजल यात्रा सम्पन्न

समाज संवाददाता

हेटौँडाः गजल मञ्च मकवानपुरको आयोजनामा २०४ औं नियमित गजल यात्रा शनिबार सम्पन्न भएको छ । कार्यक्रम गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणको सभाध्यक्षता तथा साहित्यकार शैलेन्द्र प्रकाश नेपालको प्रमुख आतिथ्यमा भएको थियो ।

कार्यक्रममा राज तिवारी, एस लामा, पुरुषोत्तम आचार्य, अनिल कोइराला, रोशनी चौलागाई, सानु खनाल, मसान उपासक, सुवास पजल, हयग्रीव आचार्यलगायतले गजल बाचन गर्नुभएको थियो । गजल मञ्च मकवानपुरले हरेक महिनाको पहिलो शनिबार गजल यात्रा आयोजना गर्दै आएको छ ।

# लागूऔषधसहित ३ जना भारतीय पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले लागूऔषधसहित ३ जना भारतीयलाई पक्राउ गरेको छ । हेटौँडा-१५ स्थित रातोमाटे चेकपोष्टबाट २ लाख ८० हजार बराबरको लागूऔषधसहित ३ जना भारतीय पक्राउ परेका हुन् ।

शुक्रबार राति ११ बजेर २० मिनेटको समयमा भैरहवा हुँदै भारत सीतामढी जाँदै गरेको डीएल ८ सीएअफ ५८३७ नम्बरको इण्डियन कारलाई प्रहरीले सुरक्षाजाँच गर्दा लागूऔषध फेला पारेको थियो । पक्राउ पर्नेमा कार चालक भारत बिहार मुज्जफरपुर रामनगर ग्राम बस्ने ३५ वर्षीय चन्दन साह, भारत बिहार सीतामढी बस्ने २४ वर्षीय सुनिल कुमार र भारत बिहार सीतामढी मेसोले ग्राम बस्ने ४० वर्षीय रतन साह रहेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । उनीहरुको साथबाट ब्लेण्डर प्राइड ७ सय ५० एमएल ५५ बोतल, इम्पेरियल ब्लु ७ सय ५० एमएल ९० बोतल, ३ सय ७५ एमएलको १०५ बोतल र १ सय २० एमएलको १०५ बोतल गरी ३ सय ७८ बोतल फेला पारेको थियो । लागूऔषधसहित तिनै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।













समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ